**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

## पृष्ठभुमि

नेपालको पशुपन्छी विकाससम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा विक्रम सम्वत् १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो। १९८२ सालमा सिंहदरबार परिसरमा कृषि प्रदर्शन फार्म खुल्यो। यसपछि कृषिको समग्र विकास गर्ने उद्‌देश्यले वि.सं. १९९४ मा कृषि परिषद्‌को गठन भयो। परिषदबाट कृषि विकासको लागि कृषि फार्महरू खोल्ने, सर्भेक्षण कार्यहरू गर्ने जस्ता कार्यहरू भए। विक्रम सम्वत् १९९८ सालमा त्रिपुरेश्वरमा भेटेरीनरी हस्पिटलको स्थापना भयो। वि.सं. २००० मा मकवानपुरको चितलाङ्ग र नुवाकोटको ककनीमा भेडा फार्महरू खुले। वि.सं. २००४ मा परवानीपुर सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म खडा गरी कृषि अनुसन्धानलाई जोड दिन थालियो। वि.सं.२००७ को परिवर्तनपछि कृषि परिषद्‌बाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भयो। त्यसैको आधारमा वि.सं. २००८ मा कृषि परिषद्‌लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी कृषि विभाग खडा भयो। तत्कालिन कृषि परिषद्‌को सेक्रेटरीलाई नै कृषि विभागको डाईरेक्टरमा नियुक्ति गरियो। वि.सं.२०१० मा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाईभस्टक एण्ड डेरी, एगृ ईन्जिनियरिङ्ग र फिसरिज (भेटरेनरी बाहेक) गरी ५ सेक्सनहरू खडा भए। ती सेक्सनका मातहतमा कृषि विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थाले। वि.सं. २०१४ साल सम्ममा १० जिल्लाहरुमा पशु अस्पतालहरुको स्थापना भयो। पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्‌दै गएकोले भारत, FAO / OXFAMको सहायतामा देशव्यापी रुपमा सेवा पर्‍याउन ३३ वटा अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना भए। यसै समयमा छ वटा पशु विकास फार्महरु पनि खोलिए। वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी पाचौं पञ्चबर्षिय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन् तथा पशुपालन व्यबस्थापन सेवालाई एकीकृत रुपमा कृषकहरुको घर दैलोमा पर्‍याउने उदेश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम सञ्चालन गरियो। बि.सं. २०२९ सालमा कृषिका सम्पुर्ण कार्यहरु समन्वयात्मक रुपमा लानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुनः कृषि विभागमा गाभिएको थियो।

पशुपालन ब्यबसायको बढ्‌दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महशुस गरी बि.सं.

२०३६ मा पुनः पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरियो। त्यसपछि क्रमिक रुपमा ७५ वटै जिल्लाहरुमा पशु सेवा कार्यलयहरु, ग्रामिणस्तरमा सेवा केन्द्रहरु, प्रयोगशाला तथा फार्महरुको सुदृणीकरण र केही नयाँ फार्महरु स्थापना भए। वि.सं. २०४९ सालमा पुनः कृषि क्षेत्रका सबै सेवात्मक निकायहरुलाई समेटी कृषि विकास विभागको गठन भयो। तत्पश्चात व्यबस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसुस गरी पुनः २०५२ साल श्रावण १ गते पशु सेवा विभागको गठन भयो। नेपाल सरकारको मिति २०७५/३/३२ को निर्णय अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत पशु सेवा विभागको पुनःसंरचना भई पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा विस्तारमा विभिन्न कार्यहरु गर्दै आएको छ। हाल यस विभाग अन्तर्गत तीन वटा महाशाखा (पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा, पशु क्वारेन्टाइन महाशाखा र पशुपन्छी आनुवांशिक श्रोत तथा आर्थिक विश्लेषण महाशाखा) एक इकाई (आयोजना समन्वय इकाई), दुई शाखा (योजना तथा अनुगमन शाखा र प्रशासन शाखा) र ३५ वटा कार्यालयहरु रहेका छन्।

**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला ,सुर्खेत**

**परिचय**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७ मा अवस्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशाला कर्णाली प्रदेशको पशुचिकित्सा क्षेत्रको महत्त्वपूर्ण आधारस्तम्भ हो। वि.सं. २०४५/२०४६ मा स्थापना भएको यस प्रयोगशालाले सुरुमा आधारभूत पशुचिकित्सा सेवामा केन्द्रित भई काम गरेको थियो। अहिले यसले आफ्नो सेवा विस्तार गरी कर्णाली प्रदेशका १० जिल्ला र लुम्बिनी प्रदेशका ६ जिल्लालाई समेट्दै आएको छ।  प्रयोगशालाहरूले परजीवी सम्बन्धी परीक्षण, सूक्ष्मजीवहरूको संस्कृति (कल्चर), र एन्टिबायोटिक संवेदनशीलता परीक्षण जस्ता महत्वपूर्ण काम गर्दै आएको छ।

कर्णाली र लुम्बिनी प्रदेशको पशु स्वास्थ्य समस्याको पहिचान र समाधानलाई द्रुत तथा प्रभावकारी बनाउँदै,  यस प्रयोगशालाले यस क्षेत्रमा एक प्रमुख संस्था बनेको छ। पशुपन्छीको स्वास्थ्य तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले यो प्रयोगशालाले काम गर्दै आएको छ। यसले उपभोक्तासम्म पुग्ने पशुजन्य खाद्य पदार्थलाई सुरक्षित बनाउन मद्दत पुर्‍याउँदै सार्वजनिक स्वास्थ्य र खाद्य सुरक्षामा पनि योगदान पुर्‍याउँदै आएको छ।

यो प्रयोगशालाले आफ्नो मिशन अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय (LHLSO), भेटेरिनरी अस्पताल तथा पशु सेवा विशेषज्ञ केन्द्रहरू (VHLSEC), भेटेरिनरी चिकित्सकहरू, र पशु स्वास्थ्यकर्मीहरूसँग सहकार्य गरी रोगको पहिचान र रोकथाम गर्ने रणनीतिमा काम गर्छ। यसले यस क्षेत्रमा कार्यरत पशु चिकित्सक र प्राबिधिकहरूलाई प्राविधिक सहयोग, तालिम, र उन्नत परीक्षण उपकरणहरूको पहुँच प्रदान गर्दै उनीहरूको दक्षता बढाएको छ।

यो प्रयोगशालाले पशु स्वास्थ्य, उत्पादकत्व, र सार्वजनिक स्वास्थ्यलाई सुधार गर्नका लागि समर्पित सेवाहरू पुर्‍याउँदै आएको छ। यसले नेपालकै भेटेरिनरी क्षेत्रको महत्त्वपूर्ण संस्थाको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ।

यो प्रयोगशाला पशु सेवा बिभाग अन्तर्गतको, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाको मातहतमा रहेको छ। यस प्रयोगशालाले आफ्नो सेवा मार्फत पशु सेवा विभागका पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा र महामारी तथा रोग नियन्त्रण तथा व्यवस्थापन शाखाका निम्न काम हरुमा बलियो खम्बाको रुपमा कार्यरत रहेको छ।

**पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा**

- पशु स्वास्थ्यको क्षेत्रमा आधिकारिक राष्ट्रिय भेटेरिनरी निकाय (National Veterinary Authority) को रुपमा काम गर्ने र तत् सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी नीति, निर्देशिका तथा नर्मस् तर्जुमा गर्ने ।
- आर्थिक दृष्टिले महत्वपुर्ण सीमाविहिन पशुपन्छीको रोग सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण
- जनस्वास्थ्यसँग सम्वन्धित तथा जुनोटिक रोगहरुको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण तथा उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने।
- राष्ट्रिय महत्वका रोग नियन्त्रणका लागि राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने
- रिफरल पशु चिकित्सा सेवा सञ्चालन नियमन
- पशुपन्छीका औषधी, जैविक पदार्थ, हर्मोन, विषादी लगायतको गुणस्तर नियमन
- पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका बिपद् व्यवस्थापन
- महामारी, बिपद् व्यवस्थापन र राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमका लागि औषधी, खोप तथा नियन्त्रण उपकरण/सामग्रीको बफर स्टक) मौज्दात व्यवस्थापन
- पशु स्वास्थ्य क्षेत्रमा आवश्यक ऐन, नियम, मापदण्ड, निर्देशिका लगायतको आवश्यकता पहिचान तथा प्रारम्भिक मस्यौदाहरु तयार गर्ने।

- पशुपन्छीका रोगहरुको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलनको कार्ययोजना) कन्टिन्जेन्सी प्लान ( तयार गरी लागू गर्ने )।
- एक स्वास्थ्यको लागि आधिकारिक राष्ट्रिय प्राविधिक निकायको रुपमा कार्य गर्ने।
- खोप उत्पादन तथा व्यवस्थापन
- नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य अनुसन्धान संस्थाहरुसँग समन्वय राखी समन्वयात्मक पशु स्वास्थ्य अन्वेषण तथा अनुसन्धानमा सहभागी हुने ।
- भेटेरिनरी निरिक्षण व्यवस्थापन
- नेपाल पक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य सँगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रिय सँगठनमा पशु रोग तथा अवस्थाको रिपोर्टिङ
- पशु रोग तथा अवस्थिति सम्बन्धि सूचना प्रणाली व्यवस्थापन
- प्रयोगशालाको Accreditation तथा प्रमाणिकरण
- नेपालमा कार्यरत पशु स्वास्थ्यसँग सम्बन्धित निकायहरुलाई प्राविधिक सहयोग तथा समन्वय गरी क्षमता विकास गर्ने ।
- पशु तथा पशुजन्य पदार्थ निकासीको लागि आवश्यक अन्तर्राष्ट्रिय भेटेरिनरी सर्टिफिकेट जारी गर्ने।
- एन्टिमाइक्रोबियल रेजिस्टेन्स तथा एन्टिमाइक्रोबियल प्रयोगको नियमन गर्ने
- पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य गर्ने

**महामारी तथा रोग नियन्त्रण तथा व्यवस्थापन शाखा**

- आर्थिक दृष्टिले महत्वपुर्ण सीमाविहिन पशुपन्छीको रोग सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण
- जनस्वास्थ्यसँग सम्वन्धित तथा जुनोटिक रोगहरुको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण तथा उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने ।
- पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका बिपद् व्यवस्थापन
- महामारी, बिपद् व्यवस्थापन र राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमका लागि औषधी, खोप तथा नियन्त्रण उपकरण/सामग्रीको बफर स्टक) मौज्दात (व्यवस्थापन
- राष्ट्रिय महत्वका रोग नियन्त्रणका लागि राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने

- पशुपन्छीका रोगहरुको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलनको कार्ययोजना) कन्टिन्जेन्सी प्लान ( तयार गरी लागू गर्ने ।
- नेपाल पक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य सँगठन लगायतका अन्तराष्ट्रिय तथा क्षेत्रिय सँगठनमा पशु रोग तथा अवस्थाको रिपोर्टिङ
- पशु रोग तथा अवस्थिति सम्बन्धि सूचना प्रणाली व्यवस्थापन
- एन्टिमाइक्रोबियल रेजिस्टेन्स तथा एन्टिमाइक्रोबियल प्रयोगको नियमन गर्ने
- माहामारी रोगको रोकथाम तथा नियन्त्रणको लागि कार्ययोजना तयार पार्ने
- माहामारी रोग सम्बन्धि सूचना सङ्कलन तथा सम्प्रेषण गर्ने

## १. पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, सुर्खेतका शाखाहरु

### माइक्रोबायोलोजी शाखा

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सुर्खेत (VL) मा रहेको सूक्ष्मजीव विज्ञान (माइक्रोबायोलजी) विभागले पशु स्वास्थ्यमा अत्यावश्यक भूमिका खेल्छ। यो विभागले पशुहरूको नमूनाहरूमा विभिन्न प्रकारका रोगजनक सूक्ष्मजीवहरूको परीक्षण गर्छ, जसले पशुहरूमा लाग्ने जीवाणुजन्य र अन्य रोगहरूको पहिचानमा सघाउ पुऱ्याउँछ। यो इकाईले विभिन्न निदान विधिहरूको प्रयोग गर्दै पत्ता लगाइएका जीवाणुहरूको बारेमा जानकारी दिन्छ जसले क्षेत्रीय पशुजन्य रोग नियन्त्रण र रोकथाममा टेवा पुऱ्याउँछ।

सूक्ष्मजीव विज्ञान विभागको कामले पशुचिकित्सक र पशु स्वास्थ्य कार्यकर्ताहरूलाई लक्षित उपचारको लागि सहायता पुऱ्याउँछ र रोगको रोकथाममा जानकारीमूलक अभ्यासहरू बनाउन सहयोग पुऱ्याउँछ। यो रिपोर्टले क्षेत्रीय स्तरमा रोग नियन्त्रणका लागि रणनीतिक योजना बनाउन र औषधोपचार विधिहरूको लागि मार्गनिर्देशन दिन सहयोग पुऱ्याउँछ। यस अनुसन्धानले पशुहरूको स्वास्थ्य सुधार गर्न, औषधि प्रतिरोध नियन्त्रण गर्न, र प्रभावकारी रोग रोकथामका उपायहरू बनाउन मद्दत पुऱ्याउँछ। यसरी कर्णाली र लुम्बिनी प्रदेशमा स्वस्थ र उत्पादक पशुधन सुनिश्चित गर्न यो विभागले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

### प्याथोलोजी शाखा

प्याथोलोजी शाखाले विभिन्न प्रकारका परीक्षण र कार्यहरू सञ्चालन गर्ने जिम्मेवारी लिन्छ। यसले रगत परीक्षण, बायोकेमिकल परीक्षण, र पोस्टमार्टम जस्ता कार्यहरू समेट्छ। पोस्टमार्टमको क्रममा कुखुरा, हाँस, अन्य पन्छी, भेंडा, बाख्रा, सुँगुर, खरायो, गाई, भैंसी, कुकुर, बिरालो, हात्ती, घोडा, खच्चर लगायतका जनावरहरूको परीक्षण गरिन्छ। यसबाहेक, ईपीजी काउन्ट, घाउको परीक्षण, छालाको परीक्षण, विषाणु परीक्षण, र रेबिज रोग निदानको लागि FAT

टेस्टजस्ता विशिष्ट परीक्षणहरू पनि शाखाले प्रदान गर्छ। यी सबै सेवाहरूले जनावरहरूको स्वास्थ्य समस्या पहिचान गर्न र समाधान प्रदान गर्न मद्दत पुर्‍याउँछ।

**सेरोलोजी तथा भाइरोलोजि शाखा**

सेरोलोजी तथा भाइरोलोजी शाखाले विभिन्न प्रकारका परीक्षणहरू सञ्चालन गर्छ। यस इकाईले ब्रुसेल्ला परीक्षण, साल्मोनेल्ला परीक्षण, माइकोप्लाज्मा परीक्षण, र अन्य सरोलोजिकल परीक्षणहरू समावेश गरेको छ। यी परीक्षणहरू गर्न नमुना प्राविधिक दृष्टिले उपयुक्त हुनुपर्दछ। यसले जनावरहरूमा भाइरल र रोगहरूको पहिचान र रोकथामका लागि महत्त्वपूर्ण भूमिका खेल्छ।

**२. पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा कार्यरत कर्मचारीको काम र कर्तब्य**

**बरिष्ठ पशु चिकित्सकको कार्य विवरण**

- आफ्नो क्षेत्रमा पशुपन्छीमा लाग्ने रोगहरुको प्रकोप कम गराउन आश्यक सल्लाह सुझाव निर्देशन र प्राविधिक सहयोग गर्ने र गराउने।
- रोग निदान गर्ने र रोग निदानको लागि आवश्यक पर्ने विभिन्न नमुना सङ्कलन गराउने तथा परिक्षण गराउन पठाउने।
- पशुपन्छीका रोगहरुको सर्भिलेन्स, नमूना सङ्कलन आदि गर्ने गराउने।
- पशु पक्षी रोगको महामारी फैलिएको बेलामा रोग नियन्त्रणमा सक्रिय हुने रोगको सर्वेक्षण गराउने।
- विभिन्न रोगहरुको सर्वेक्षण गर्ने, मासिक प्रगती प्रतिवेदन तयार गराउने।
- विभिन्न रोगहरुको सर्वेक्षण गर्ने, मासिक प्रगती प्रतिवेदन तयार गराउने।
- विषेश प्रकृतिको कार्य सम्पादन गर्नुपर्ने कार्यालयहरुमा खटिएको अवस्थामा केन्द्रीय पशु चिकित्सालय, रेविज भ्याक्सिन, बायोजोजिकल प्रोडक्ट, ल्याबोरेटरी सम्बन्धी कार्य गराउने तथा पशु स्वास्थ्यको क्षेत्रमा क्षमता अभिबृद्धि गराउने।
- आफू सम्वद्ध निकाय कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्ने।

**कर्तव्य**

- कार्यक्रम सम्बन्धी निरिक्षण अनुगमन र मुल्यांकन गर्ने गराउने।
- पशुपन्छी उपचार, परजिबी नियन्त्रण, भ्याक्सिनेसन, सर्भिलेन्स, रोग अन्वेषण, नमूना सङ्कलन, प्रयोगशाला निदान आदि गर्ने व्यवस्था मिलाउने।

- नयाँ प्रविधिहरुको प्रचार प्रसार, प्राविधिक कर्मचारी र कृषक वर्ग समक्ष पु¥याउने ।
- माथिल्लो निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

**पशु चिकित्सकको कार्य विवरण**

- आफ्नो क्षेत्रमा पशुपन्छीमालाग्ने रोगहरुको प्रकोप कम गराउन आश्यक सल्लाह सुझाव निर्देशन र प्राविधिक सहयोग गर्ने गराउने।
- रोग निदान गर्ने र रोग निदानको लागि आवश्यक पर्ने विभिन्न नमुना सङ्कलन गराउने तथा परिक्षण गराउन गर्ने गराउने ।
- पशु पक्षी रोगको महामारी फैलिएको बेलामा रोग नियन्त्रणमा सक्रिय हुने रोगको सर्वेक्षण गर्ने गराउने ।
- पशुपन्छी उपचार, परजिबी नियन्त्रण, भ्याक्सिनेसन, पशु बन्ध्याकरण, सर्भिलेन्स, रोग अन्वेषण, नमूना सङ्कलन, प्रयोगशाला निदान आदि गर्ने गराउने।
- विभिन्न रोगहरुको सर्वेक्षण गर्ने, मासिक प्रगती प्रतिवेदन तयार गराउने।
- विषेश प्रकृतिको कार्य सम्पादन गर्नुपर्ने कार्यालयहरुमा खटिएको अवस्थामा केन्द्रीय पशु चिकित्सालय, रेविज भ्याक्सिन, बायोजोजिकल प्रोडक्ट, ल्याबोलेटरी सम्बन्धी कार्य गराउने।
- आफू सम्वद्ध निकाय/शाखाको कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्ने।

**कर्तव्य**

- कार्यक्रम सम्बन्धी निरिक्षण अनुगमन र मुल्यांकन गर्ने गराउने।
- नयाँ प्रविधिहरुको प्रचार प्रसार, प्राविधिक कर्मचारी र कृषक समुह तथा वर्ग समक्ष पु¥याउने।
- माथिल्लो निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

**पशु स्वास्थ प्राबिधिकको काम र कर्तब्य**

- पशु चिकित्सकसग सहकार्य गरी पशु चिकित्सकका कार्य विवरणलाइ सहयोग गर्ने
- नयाँ प्रविधिहरुको प्रचार प्रसार, प्राविधिक कर्मचारी र कृषक समुह तथा वर्ग समक्ष पु¥याउने।
- आफू सम्वद्ध निकाय/शाखाको कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्ने।
- माथिल्लो निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

**नायब पशु स्वास्थ प्राबिधिकको काम र कर्तब्य**

- पशु चिकित्सकसग सहकार्य गरी पशु चिकित्सकका कार्य विवरणलाइ सहयोग गर्ने
- नयाँ प्रविधिहरुको प्रचार प्रसार, प्राविधिक कर्मचारी र कृषक समुह तथा वर्ग समक्ष पु¥याउने।
- आफू सम्वद्ध निकाय/शाखाको कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्ने।
- माथिल्लो निकायबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

**३. सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी र मातहतका कर्मचारी**

| **सि.नं** | **शाखा** | **अधिकारी** | **मातहतका कर्मचारी** |
|---|---|---|---|
| १ | प्याथोलोजी शाखा | डा. लोकेन्द्र न्यौपाने | श्री शमशेर जी.सी<br>श्री मिम जि.सी |
| २ | सेरोलोजी तथा भाइरोलोजी शाखा | श्री बिष्णु प्र. ढकाल | श्री देबिराम कडेल<br>श्री मनराज सुनार |
| ३ | माइक्रोबायोलोजी शाखा | डा. प्रतिभा श्रेष्ठ | श्री रमा कुमारी भण्डारी |
| ४ | आर्थिक तथा लेखा शाखा | श्री रत्नलाल प्याकुरेल | - |
| ५ | प्रसासन शाखा | श्री चेतकुमारी राना | - |

**४. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अबधि र सेवाग्राहीले पुर्याउन पर्ने प्रक्रिया**

| **क्र.स.** | **प्रदान गरिने सेवाहरु** | **सेवाग्राहीले पुऱ्याउनु पर्ने प्रक्रिया** | **लाग्ने शुल्क (प्रति नमूना)** | **लाग्ने समयावधि** |
|---|---|---|---|---|
| **क)** | **प्याथोलोजी शाखा** | | | |
| १. | रगत परिक्षण | | CBC रू१५० TLC रू२० RBC रू२० ESRरू २० DLC रू४० Hb रू ४० PCV रू४० | १-२ दिन |

| | | | | |
|---|---|---|---|---|
| २. | बायोकेमिकल परिक्षण | नमुना प्राबिधिक दृष्टिले उपयुक्त हुनु पर्नेछ । | रू.१००।-<br>Liver function test रू ३०० <br>AST/AGOT रू ५० <br>ALT/SGPT रू ५० <br>Total protein रू ५० <br>S.Albumin रू ५० <br>S.bilirubin रू २५ <br><br>Bilitubin रू २५ <br>Renal function test रू ३०० <br>BUN रू ५० <br>Creatinine रू ५० <br><br>Sodium/potassium रू १०० <br>Glucose test रू ५० <br>Arterial blood gas test रू ६०० <br>Calcium/phosphorous १०० रू <br><br>Vitamin D3 रू ८०० <br><br>Lipid profile test रू ३०० <br>Coagulase test रू १५० <br>**Thyroid (T3 T4 TSH)** रू ४०० <br>**Blood parasites** रू ५० | १-२ दिन |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३. | पोस्टमार्टम सेवा | | | |
| | कुखुरा/हाँस/अन्य पन्छी | | रू.१०|- | दिनको २ बजे भित्र प्रयोगशालामा दर्ता भएको हकमा सोहि दिनको कार्यालय समय भित्र |
| | भेडा/बाख्रा/बंगुर/खरायो | | रू. ५०|- | |
| | गाई/भैसी | | रू.२००|- | |
| | कुकुर/बिरालो | | रु ३०० | |
| | हात्ती/घोडा/बाँदर/अन्य वन्यजन्तु | | रू.५००|- | |
| ४. | ई.पि.जी. काउन्ट | | रू.१०|- | १ दिन |
| ५. | छालाको परिक्षण | | रू. १००|- | |
| ६. | थुनेलो परिक्षण | | रु.४०/- | |
| ७. | पिसाब परिक्षण | | रू. १००|- | |
| ८. | रेपिड टेस्ट | | रू. ५०|- | |
| ९. | रेबिज रोग निदान FAT टेस्ट | | रु. ३००/- | |
| **ख)** | **माइक्रोबायोलोजी शाखा** | | | |
| **अ.** | **ब्याक्टेरियोलोजी र माइकोलोजी इकाई** | | | |
| १ | जीवाणु परिक्षण/ कल्चर | नमुना प्राबिधिक दृष्टिले उपयुक्त हुनु पर्नेछ | | रु.२००/- | ३ दिन |
| २. | दुध कल्चर | | | ३ दिन |
| ३. | एन्टिबायोटिक सेन्सिटिभिटी टेस्ट | | | ३ दिन |
| ३. | ढुसी कल्चर | | | ७-२१ दिन |
| | पि.सि.आर.परिक्षण | नमुना प्राबिधिक दृष्टिले उपयुक्त हुनु पर्नेछ | | रु. ५००| | १-७ दिन |
| **ग)** | **सेरोलोजी तथा भाइरोलोजी इकाई** | | | |
| १. | ब्रुसेल्ला परिक्षण | नमुना प्राबिधिक दृष्टिले उपयुक्त हुनु पर्नेछ | | रु.२००| | १ दिन |
| २. | साल्मोनेल्ला परिक्षण | | | १ दिन |
| ३. | माईकोप्लाज्मा परिक्षण | | | १ दिन |

| | | | | |
|---|---|---|---|---|
| ४. | अन्य सेरोलोजिकल परिक्षण | | | १-२१ दिन |
| **घ)** | **आर्थिक तथा प्रशासन शाखा** | | | |
| १. | लेखा सम्बन्धी कार्य | नियमानुसार आबस्यक पर्ने कागजातहरु | नियमानुसार | कार्यको प्रकृति अनुसारको अबधि |
| २. | दर्ता चलानी प्रशासनिक तथा स्टोर सम्बन्धी कार्य | ,, ,, | नियमानुसार | ,, ,, |

### ५. निर्यण गर्ने अधिकारी

प्रयोगशालाको सम्पूर्ण निर्यण, मन्त्रालय, पशु सेवा बिभाग र केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट खटाइएको कार्यालय प्रमुखलाई हुनेछ। कार्यालयको प्राबिधिक काम सम्पादन र यसको स्तर निर्यण गर्ने कार्यालय प्रमुख बाट अधिकार प्रदान भएका शाखा प्रमुखहरु हुनेछन।बिषय बस्तु अनुसार कतिपय निर्णयमा कार्यालय प्रमुखको तोक नै निर्यणको रुपमा मान्य हुनेछ भने कार्यालय प्रमुख उपस्थिति नभएको स्थितिमा कार्यालय प्रमुखबाट खटाइएको एक तह तलको अधिकारीबाटको तोक निर्यण मान्य हुनेछ।

### ६. गुनासो सुन्ने अधिकारी

यस कार्यालयमा कार्य सम्पादनको शिलशिलामामा उत्पन्न भएका मुद्दा, मामिला र उजुरीहरु यस कार्यालयका कार्यालय प्रमुख मार्फत सुनाइ हुनेछ।

### ७. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

| **कार्यालय प्रमुख** | **सूचना अधिकारी** |
|---|---|
| डा. अर्जुन पण्डित | डा. प्रतिभा श्रेष्ठ |
| बरिष्ठ पशु चिकित्सक | पशु चिकित्सक |

### ८. ऐन, नियम, विनियम र निर्देशिकाको सुची

- कृषि विकास रणनीति २०७२-२०९२
- दीर्घकालीन कृषि योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्नेसम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था, २०५०

- राष्ट्रिय बीउ विजन नीति, २०५६
- जलवायु परिवर्तन नीति, २०६७
- खर्क नीति, २०६८
- औद्योगिक नीति, २०६७
- पन्छीपालन नीति, २०६८
- आपूर्ति नीति, २०६९
- सिंचाई नीति, २०६०
- विज्ञान तथा प्रविधि नीति, २०६१
- राष्ट्रिय कृषि नीति, २०६१
- जैविक प्रविधि नीति, २०६३
- कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३
- कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१
- कृषि जैविकविविधतानीति, २०६३
- कृषि जैविक विविधता नीति, २०६३
- कृषि यान्त्रिकरण नीति, २०७०
- वन नीति, २०७१
- वाणिज्य नीति, २०६५

**९. पशुसेवा सम्बन्धि ऐन, मापदण्ड र आदेशहरु**

- औषधी ऐन, २०३५
- पशु स्वस्थ्य तथा पशु सेवा ऐन, २०५५
- पशु स्वस्थ्य तथा पशु सेवा नियमावली, २०५६
- दाना पदार्थ नियमावली, २०४१
- पशु वधशाला र मासु जांच ऐन, २०५५
- पशु वधशाला र मासु जांच नियमावली, २०५७
- पशुसेवा सम्बन्धी आदेशहरु
- नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५
- नेपाल पशु चिकित्सा परिषद् नियमावली,२०५७
- पशु आहारा उत्पादन विकास समिति आदेश गठन,
- राष्टिय दुग्ध विकास बोर्ड ऐन,२०४८

- दाना पदार्थ ऐन, २०३३
- वर्डफ्लू रोग नियन्त्रण आदेश, २०६४

**१०. पशुसेवा सम्बन्धी मापदण्डहरु**

- पोल्ट्री ब्रिडिड फार्मको मापदण्ड, २०६२ रह्याचरीको मापदण्ड, २०६२
- खाने अण्डा पैठारीको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- चल्ला उत्पादन गर्ने अण्डाको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- प्यारेन्ट र कमर्सियल चल्ला पैठारीको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- पशु क्वारेन्टाईन कार्यविधि, २०६४ र पशु ढुवानी मापदण्ड, २०६४
- मासु तथा मासुका परिकारको आयात निर्यात मापदण्ड, २०६४
- जैविकी पदार्थ सम्बन्धि भेटेरिनरी मापदण्ड, २०६३
- भेटेरिनरी प्रयोगशाला सञ्चालन र परिक्षण प्रकृयाको मापदण्ड, २०६३
- पोल्ट्री ब्रिडिड फार्मको मापदण्ड, २०६२
- ह्याचरीको मापदण्ड, २०६२
- माछा भुरा बारे मापदण्ड निर्धारण, २०६१
- खाने अण्डा पैठारीको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- चल्ला उत्पादन गर्ने अण्डाको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- प्यारेन्ट र कमर्सियल चल्ला पैठारीको लागि क्वारेन्टाइन मापदण्ड, २०६२
- जैविक पदार्थको उत्पादन, बिक्री बितरण वा पैठारी गर्न निवेदन दिदा उपलब्ध गराउन पर्ने विवरण, २०६२
- नमूना परीक्षणको लागि तोकिएका प्रयोगशालाहरु, २०६२
- पशु वधशाला तथा मासु जाँच प्राविधिक निर्देशिका, २०६४
- पशु दुवानी मापदण्ड, २०६४
- ब्रोइलर कुखुरा व्यवस्थापन मापदण्ड, २०६४
- कृषि क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०६०
- प्रयोगशालाहरूको सःशुल्क सेवा सम्बन्धी कार्यान्वयन निर्देशिका, २०५९/६०
- बीउ विजनको दीर्घकालीन राष्ट्रिय सोच, २०७०

**११. कार्यविधिहरू, मार्गदर्शन, मापदण्ड बीमा आदि**

- कृषि क्षेत्रको निक्षेपण सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०५९

- कृषि फार्म/केन्द्रहरूको दोहोरो मार्ग व्यवस्थापन प्रणाली तथा अतिरिक्त कार्यक्रमसञ्चालन कोष सम्बन्धी कार्यविधि, २०६०
- सहकारी संघ/संस्थालाई उपलब्ध गराउने अनुदान एवम् भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८
- कृषि यान्त्रिकरण तथा पशुधन उद्योग स्थापनामा पूँजीगत अनुदान तथा भन्सार मिनाहा र मूल्य अभिवृद्धि कर छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६९
- बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९
- सर्भे सभिर्लेन्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७०
- कृषि सहकारी संस्थालाई कृषि उपज खरीद बिक्रीका लागि अनुदान वितरण कार्यविधि, २०७०
- अभियानमूलक समस्या निदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृती, २०७०
- युवा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- घाँस बालीको व्यवसायिक बीउ उत्पादन तथा वजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रम कार्यविधि, २०६४ (पहिलो संसोधन, २०७०)
- यूवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०
- लघुवित्त/सहकारी संस्थासँगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा सञ्चालन गर्न ब्याज अनुदान परिचालन कार्यविधि, २०७०
- सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र सम्बन्धी कार्यविधि, २०७०
- राष्ट्रपति उत्कृष्ट कृषक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१
- बाली तथा पशुधन वीमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०
- पशु कल्याण निर्देशिका, २०७३
- मध्यपहाड़ी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- प्रजननयोग्य रांगो सांढे हुर्काउने श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

- भुकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धी राहत तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला समुदाय, दलित जनजाती अपाङ्ग मधेशी लगाएत सिमन्तकृतबर्ग लक्षित पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- सेक्स सिमेनबाट उत्पादित बाच्छी खरिद तथा वितरण गर्न करार सम्झौता कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- सामुदायिक भेडा स्रोत केन्द्र विकास कार्यविधि, २०७३
- साईलोपिट निर्माण सम्बन्धि कार्यविधि, २०७३
- लाईभष्टक गुणस्तर व्यवस्थापन कार्यविधि, २०७३
- मिल्किङ पार्लर स्थापना तथा सञ्चालन कार्यविधि, २०७३
- भेडा बाख़ामा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- भेडा बाख़ापालन प्रबर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७३
- पशुजन्य पदार्थ उत्पादन, विविधीकरण र बजारीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- पशु कल्याण प्रबर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- दुध उत्पादन तथा बजारीकरणका आधारमा अनुदान पाईलट कार्यक्रम कार्यविधि, २०७३
- गाई भैसीलाई सुत्केरी आहार भत्ता अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- खर्क सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- कोरली पाडी हुर्काउने कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- कृषकस्तर पशुपन्छीपालन आधारभुत तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७३
- कुकुर बन्धाकरण तथा रेविज रोग नियंत्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- एकिकृत पशु स्वास्थ्य शिविर सञ्चालन कार्यविधि, २०७३
- एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०७३
- एकल महिला लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षाको लागी ग्रामीण कुखुरा, २०७३ प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- अवधारणा पत्र सम्बन्धी कार्यविधि, २०७२

**दोस्रो त्रैमासिक प्रगति प्रतिवेदन**

आ.व. २०८२/८३

बजेट उपशीर्षक नं : ३१२०२११०३

मन्त्रालय :कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कार्यालय/ आयोजनाको नाम : पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, सुर्खेत ।

| **क्र.स.** | **कार्यक्रम / क्रियाकलाप** | **खर्च शीर्षक** | **इकाई** | **बार्षिक लक्ष्य** | | | **दोस्रो त्रैमासिक लक्ष्य** | | | **दोस्रो त्रैमासिक प्रगति** | | **छमासिक/ (अर्धवार्षिक) लक्ष्य** | | | **छमासिक/ (अर्धवार्षिक) प्रगति** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **परिमाण** | **भार** | **बजेट** | **परिमाण** | **भार** | **बजेट** | परिमाण | **भारित प्रगति** | **परिमाण** | **भार** | **बजेट** | **परिमाण** | **भारित प्रगति** | |
| **अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | | | | | | |
| ११.१.२.८५८ | विगत आ.व. को वायरहाउस माथी तला थप कार्यक्रम अन्तरगतको अन्तिम बिल भुक्तानी गर्ने | ३१११२ | पटक | **1** | **1.21** | **3.4** | ० | ० | ० | 0 | **0** | 1 | 1.21 | 3.4 | 1 | 1.21 | |
| ११.१.२.८७९ | प्रयोगशाला भवन माथि Teaching Lab बनाउन Prefabricated Structure निर्माण( .. ) | ३१११२ | पटक | **1** | **8.92** | **25** | १ | **8.92** | २५ | 0 | **0** | 1 | 8.92 | 25 | 0 | 0.00 | |
| ११.३.७.१६१९ | प्रयोगशालामा सफ्टवयर संचालनको लागि आवस्यक डेक्सटप कम्प्युटर 3 तथा प्रिन्टर 2 खरिद( .. ) | ३११२२ | पटक | **1** | **0.98** | **2.76** | ० | ० | ० | 0 | **0** | 1 | 0.98 | 2.76 | 1 | 0.98 | |
| ११.३.७.१६१८ | कार्यालयको तालिमहलमा ए सी खरिद तथा जडान( .. ) | ३११२२ | संख्या | **2** | **0.98** | **2.76** | ० | ० | ० | 0 | **0.01** | 2 | 0.98 | 2.76 | 2 | 0.99 | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११.३.७.१६२५ | सेरोलोजि र मोलिकुलर युनिटको लागि Single/Multichannel/Micropipette/ ELISA plate Shaker खरिद( .. ) | ३११२२ | पटक | **1** | **0.98** | **2.76** | ० | ० | ० | 0 | **0** | 1 | 0.98 | 2.76 | 0 | 0.00 | |
| ११.३.७.१६२० | Modular Lab मा आवस्यक फर्निचर तथा कार्पेटिङ्ग ब्यवस्थापन गर्ने (फर्निचर तथा फिक्सचर)( .. ) | ३११२२ | पटक | **1** | **1.64** | **4.6** | ० | ० | ० | 0 | **0** | 1 | 1.64 | 4.6 | 1 | 1.64 | |
| ११.३.११.१२६९ | सोमाटिक सेल काउन्टर खरीद( .. ) | ३११२२ | संख्या | **1** | **2.59** | **7.27** | ० | ० | ० | 0 | **0** | 1 | 2.59 | 7.27 | 1 | 2.59 | |
| ११.३.११.१२७१ | हेमाटोलोजि शाखाको लागि आवस्यक हेमाटोएनालाइजर खरिद तथा जडान( .. ) | ३११२२ | संख्या | **1** | **2.30** | **6.44** | ० | ० | ० | 0 | **0** | 1 | 2.30 | 6.44 | 0 | 0.00 | |
| ११.३.११.१२७० | सेरोलोजि युनिटको लागि ELISA Washer खरिद( .. ) | ३११२२ | संख्या | 1 | **2.30** | 6.44 | ० | ० | ० | 0 | 0 | 1 | 2.30 | 6.44 | 0 | 0.00 | |
| ११.३.२२.१२७८ | प्रयोगशालामा आवस्यक Centrifuge मेशिन खरिद तथा जडान( .. ) | ३११२२ | पटक | 1 | **0.49** | 1.38 | ० | ० | ० | 0 | 0 | 1 | 0.49 | 1.38 | 0 | 0.00 | |
| ११.३.२२.१३५६ | ई-हाजिरी मेसिन खरिद तथा जडान | ३११२२ | संख्या | 1 | **0.16** | 0.46 | ० | ० | ० | 0 | 0 | 1 | 0.16 | 0.46 | 0 | 0.00 | |
| **क) पूँजीगत खर्च कार्यक्रमको जम्मा:** | | | | | **22.57** | **63.27** | | **8.92** | **25.00** | | **0.01** | | **२२.५७** | **६३** | | **7.41** | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
कार्यालय कोड नं : 312026801

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** 312021024 **आर्थिक वर्ष:** 2081/82

**आयोजना/कार्यक्रम नाम:** पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम **महिना:** मंसिर

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **11.1.2.758 BSL2 प्रयोगशाला भवन माथि तला थप गर्ने** | | | | | **8,837,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **8,837,000.00** |
| | 1100001-नेपाल | 01-नगद | | | 37,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 37,000.00 |
| | 1100001-नेपाल | 02-नगद (आन्तरिक | | | 8,800,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 8,800,000.00 |
| **11.1.3.695 प्रयोगशालाको कार्यालय भवन तथा BSL2 प्रयोगशालामा रङ्गरोगन तथा मर्मत सम्भार** | | | | | **200,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **200,000.00** |
| | 1100001-नेपाल | 02-नगद (आन्तरिक | | | 200,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 200,000.00 |
| **11.1.3.697 Floor plan अनुसार Laboratory कक्ष व्यवस्थापन** | | | | | **300,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **300,000.00** |
| | 1100001-नेपाल | 02-नगद (आन्तरिक | | | 300,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 300,000.00 |
| **11.3.19.104 BSL2 प्रयोगशालाको लागि आवस्यक Power Backup खरिद तथा जडान** | | | | | **500,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **500,000.00** |
| | 1100001-नेपाल | 02-नगद (आन्तरिक | | | 500,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 500,000.00 |
| **11.3.7.1437 प्रयोगशालामा LIM सफ्टवयर संचालनको लागि आवस्यक ल्यापटप तथा प्रिन्टर खरिद** | | | | | **200,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **200,000.00** |
| | 1100001-नेपाल | 02-नगद (आन्तरिक | | | 200,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 200,000.00 |
| **जम्मा** | | | | | **10,037,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **10,037,000.00** |

स्रोतगत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | **10,037,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **10,037,000.00** |
| | 01-नगद | 37,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 37,000.00 |
| | 02-नगद (आन्तरिक ऋण) | 10,000,000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 10,000,000.00 |
| **जम्मा** | | **10,037,000.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **10,037,000.00** |

| | | |
|---|---|---|
| तयार गर्ने : ........ | पेस गर्ने : ........ | प्रमाणित गर्ने: ......... |
| नाम: | नाम: | नाम : |
| पद : | पद : | पदः |
| मिति : | मिति : | मिति : |